**https://doi.org/10.3126/irj.v3i2.61814**

# माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरूको वर्णविन्यासगत क्षमता

**सुजन सोडारी**
*sujan.sodari@sac.tu.edu.np*
**सानोठिमी क्याम्पस, सानोठिमी भक्तपूर**

***सार***

*प्रस्तुत आलेख माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरूको वर्णविन्यास क्षमतासँग सम्बन्धित छ । यस अध्ययनको प्रमुख उद्देश्य कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको वर्णविन्यास क्षमताको पहिचान गर्नु र भाषिक पृष्ठभूमिका आधारमा विद्यार्थीहरूको वर्णविन्यास क्षमताको विश्लेषण गर्नु रहेको छ । यस लेखको तयारीका क्रममा परिमाणात्मक अनुसन्धान ढाँचाको प्रयोग गरिएको छ । प्राथमिक र द्वितीयक स्रोतबाट सामग्री सङ्कलन गरी अध्ययन पूरा गरिएको छ । कक्षा नौको नेपाली पाठ्यपुस्तकमा समावेश भएका शब्दहरू छनोट गरी नेपाली भाषी र नेपाली इतरभाषी गरी चार विद्यालयका जम्मा ४० जना विद्यार्थीमा निर्मित प्रश्नावली परीक्षण गरी प्राप्त तथ्याङ्कको विश्लेषण गरिएको छ । वर्णविन्यासको क्षेत्रमा सबैभन्दा बढी त्रुटि ह्रस्वमा भन्दा दीर्घमा गरेको पाइयो । चन्द्रविन्दुको प्रयोगमा पनि पनि धेरै त्रुटि गरेको पाइयो । धेरै विद्यार्थीहरूले हलन्तका ठाउँमा अजन्त र अजन्तको ठाउँमा हलन्त प्रयोग गरेर त्रुटि गरेको पाइयो । नेपाली इतरभाषीभन्दा नेपाली भाषी विद्यार्थीहरूको वर्णविन्यासगत प्रयोग क्षमता बढी रहेको पाइयो । प्रस्तुत लेखले निर्दिष्ट विषय क्षेत्रमा अध्ययन, अनुसन्धान गर्न चाहने तथा भाषा शिक्षणको प्रायोगिक क्षेत्रमा सरोकार राख्नेहरूलाई नीतिगत तथा प्रयोगात्मक तहमा सहयोग पुऱ्याउने विश्वास गरिएको छ ।*

**प्रमुख शब्दावली :** *उच्चारण, भाषिक पृष्ठभूमि, भाषिक संरचना, लेखन सिप, वर्णविन्यास, शब्दभण्डार*

**Received: 26 October, 2023 Revision Accepted: 25 November, 2023 Published: 12 December, 2023**

## अध्ययनको पृष्ठभूमि

भाषाको सबैभन्दा पहिलो एकाइ वर्ण भएकाले वर्णको शुद्धताविना शब्द, पद, वाक्यस्तरमा शुद्धता आउन सक्दैन । श्रव्य रूपमा रहेको उच्चार्य वाक् ध्वनिलाई लिपिगत गरी ध्वनिको प्रतीकका रूपमा लिपि चिह्नलाई राखिएको हुन्छ, जसलाई वर्ण वा अक्षर भनिन्छ । लिखित भाषामा वर्ण, मात्रा, चिन्ह आदिलाई लेखाइको नियम अनुसार विधान गर्ने कार्य वर्ण विन्यास हो (खनिया र अधिकारी, २०७६ : पृ. १६४) । वर्णविन्यास भन्नाले वर्णहरूको विन्यास वा वर्णहरूको रखाइक्रम हो । वर्णविन्यासको अभिप्राय वर्ण र लेख्य चिह्नहरूको विन्यास (व्यवस्थित रखाइ) हो (ढकाल र अन्य, २०७५, पृ. ८) । यो लेखाइ सिपअन्तर्गत शुद्धाशुद्धिसँग जोडिएको विषय हो । लेख्य भाषामा वर्णहरूको व्यवस्थित प्रयोगलाई वर्णविन्यास भनिन्छ । यो लेख्य भाषासँग सम्बन्धित शुद्ध, स्पष्ट एवम् स्तरयुक्त लिपि स्वरूप हो । नेपाली भाषामा खण्डीय वर्णअन्तर्गत छ वटा स्वरवर्ण (अ आ इ उ ए ओ) र उनन्तिस वटा व्यञ्जन वर्णहरू ( क् ख् ग् घ् ङ् च् छ् ज् झ् ट् ठ् ड् ढ् त् थ् द् ध् न् प् फ् ब् भ् म् य् र् ल् व् स् ह् ) पाइन्छन् भने खण्डेतर वर्णअन्तर्गत मात्रा, अनुनासिकता, आघात, सुर, तान, विराम र श्वसन पर्दछन् । यिनीहरूको उपयुक्त प्रयोगसँग वर्णविन्यास सम्बन्धित हुन्छ । वर्णको सम्बन्ध अर्थसँग हुने भएकाले वर्णविन्यासमा त्रुटि हुँदा अर्थमा असर पर्दछ । आफ्नो भावना, विचार वा अभिव्यक्ति सही र स्पष्ट रूपमा प्रकट गर्न लेख्य भाषामा वर्णविन्यास मिलाउनु पर्दछ । वर्णविन्यास भाषाको मानक व्याकरण र शब्दको सार्थकतामा आधारित हुन्छ । नेपाली

भाषामा उच्चारणगत र लेखनगत रूपमा फरक आउने भएकाले त्रुटिहरू धेरै हुने गर्दछन् । वर्णविन्यासअन्तर्गत ह्रस्व-दीर्घ, श, ष, स को प्रयोग, ब-व, व-ओ, य-ए, क्ष-छे, ऋ-रि, ज्ञ/ग्याँ, चन्द्रविन्दु-शिरविन्दु, पदयोग-वियोग, हलन्त-अजन्त, लेख्य चिह्नको प्रयोग, सङ्गति पर्दछन् (खनिया र अधिकारी, २०७६) ।

अशुद्ध शब्दको प्रयोगले अर्थमा विकार आउँछ । कहिलेकाहीँ अभिव्यक्तिमा अनर्थ हुन्छ, कहिले अवाञ्छित अर्थ (भिन्नार्थ, विपरीतार्थ आदि) दिन पुग्दछ । यसरी सबै कुरा मिलाएर लेखिने शुद्ध लेखन नै वर्णविन्यास हो । यसरी विद्यार्थीहरूले मातृभाषा वा दोस्रो भाषा सिक्दा गरेका वर्णविन्यासगत त्रुटि के कस्ता ठाउँमा कसरी गऱ्यो । त्यसको पहिचान गरी सुधार गर्दै लग्ने कुरासँग यो अध्ययन केन्द्रित रहेको छ । प्रस्तुत अध्ययन दोलखा जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूमा गरिएको एक वर्णविन्यासीय त्रुटिसँग सम्बन्धित विषय रहेको छ ।

**अध्ययनको उद्देश्य**

प्रस्तुत आलेखका उद्देश्य विद्यार्थीहरुको वर्णविन्यास क्षमताको पहिचान गर्नु र भाषिक पृष्ठभूमिका आधारमा विद्यार्थीहरूको वर्णविन्यास क्षमताको विश्लेषण गर्नु रहेको छ ।

**अध्ययन विधि**

यस लेखको तयारीका क्रममा परिमाणात्मक अनुसन्धान विधिको अनुप्रयोग गरिएको छ । यसमा विश्लेषणात्मक, वर्णनात्मक, व्याख्यात्मक, क्षेत्रीय तथा तुलनात्मक विधिको प्रयोग गरिएको छ । यस अध्ययनमा प्राथमिक र द्वितीयक स्रोतबाट सामग्री सङ्कलन गरिएको छ ।

**प्रतिनिधि नमुना छनोट**

यस अध्ययनमा दोलखा जिल्लामा रहेका कालिञ्चोक गा.पा.अन्तर्गत दुईओटा विद्यालय र भिमेश्वर न.पा. अन्तर्गत दुईओटा विद्यालयका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरू मध्येबाट भाषिक पृठभूमिका आधारमा प्रत्येक मा.वि. बाट १०/१० जनाका दरले ४० जना विद्यार्थीहरूको छनोट गरिएको छ ।

**तथ्याङ्कका स्रोत**

नमुना छनोट गरिएका विद्यार्थीहरूलाई अनुच्छेद लेखन, श्रुति लेखन गर्ने जस्ता शीर्षकका प्रश्नहरूको उत्तरपुस्तिकालाई प्राथमिक स्रोतका रूपमा लिइएको छ भने द्वितीयक स्रोत अन्तर्गत वर्णविन्याससम्बन्धी लेखरचना, व्याकरणसम्बन्धी पुस्तकहरू, शब्दकोश, विभिन्न पत्रपत्रिकाहरू, सम्बन्धित विषयका पुस्तकहरू, अनुसन्धान प्रतिवेदन, जर्नलहरू र इन्टरनेटलाई सामग्री स्रोतको रूपमा प्रयोग गरिएको छ ।

**तथ्याङ्क सङ्कलन प्रक्रिया**

नमुनाका रूपमा छनोट भएका विद्यालयका विद्यार्थीहरूसँग सहभागितामूलक अवलोकन विधिको प्रयोग गरी परीक्षा लिइएको छ । विद्यार्थीहरूको परीक्षा कार्यपश्चात् उत्तरकुञ्जिका तयार पारी ह्रस्व, दीर्घ, पदयोग, पदवियोग, श/ष/स, ब/व, य/ए, शिरविन्दु, चन्द्रविन्दु, अजन्त, हलन्त वर्णको प्रयोगसम्बन्धी नियमलाई आधार बनाई उत्तरपुस्तिकाहरूको जाँच गरी तथ्याङ्क सङ्कलन गरिएको छ ।

**परिसीमा**

प्रस्तुत अध्ययन दोलखा जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूमा मात्र सीमित रहेको छ । प्रस्तुत अध्ययनमा कक्षा नौको पाठ्यपुस्तकमा समाविष्ट वर्णविन्यासअन्तर्गत ह्रस्व, दीर्घ, पदयोग, पदवियोग, श, ष, स, ब, व, य, ए, शिरविन्दु, चन्द्रविन्दु, अजन्त, हलन्तको प्रयोगगत क्षेत्रमा केन्द्रित रहेको छ । प्रस्तुत अध्ययन भाषिक पृष्ठभूमिका आधारमा वर्णविन्याससम्बन्धी क्षमतामा मात्र परिसीमित गरिएको छ ।

**सैद्धान्तिक अवधारणात्मक ढाँचा**

यस लेखलाई व्यवस्थित ढङ्गले प्रयोग गर्न वर्णविन्याससम्बन्धी उचित नियमको उपयोग गरिएको छ । उपयुक्त लेखनमा नेपाली भाषाको वर्णविन्यासगत सैद्धान्तिक नियम र भाषिक प्रयोगलाई आधार बनाई व्याख्या र विश्लेषण गरिएको छ । यही सिद्धान्त पक्षलाई आधार मानेर यस अध्ययनले उठाएका विभिन्न समस्यामा केन्द्रित रही त्रुटि पक्षलाई औँल्याउने र तिनको निराकरण गर्नतर्फ लागि परिएको छ । परम्परागत व्याकरणको कतिपय मान्यतालाई अहिलेका प्रचलित कार्यमूलक व्याकरणले छोड्न नसकेको हुँदा पनि तिनै व्याकरणका नियम र सूत्रलाई आधारमानी सिद्धान्त पक्ष निर्धारण गरिएको हो ।

**समग्र विद्यार्थीहरूको वर्णविन्यास क्षमताको स्थिति**

समग्र विद्यार्थीहरूको वर्णविन्यास क्षमताको स्थितिलाई वर्णविन्यासगत क्षेत्रहरूको आधारमा तल तालिकामा प्रस्तुत गरिएको छ :

तालिका १ *समग्र विद्यार्थीहरूको वर्णविन्यासगत प्रयोगको स्थिति*

| जम्मा विद्यार्थी सङ्ख्या (४०) | शुद्ध लेख्ने सङ्ख्या | | त्रुटि लेख्ने सङ्ख्या | |
|---|---|---|---|---|
| वर्णविन्यासका क्षेत्रगत प्रयोग | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ह्रस्वमात्राको प्रयोग | २६ | ६५ | १४ | ३५ |
| दीर्घमात्राको प्रयोग | १७ | ४२ | २३ | ५८ |
| श ,ष र स वर्णको प्रयोग | २५ | ६२ | १५ | ३८ |
| य र ए वर्णको प्रयोग | २९ | ७२ | ११ | २८ |
| ब र व वर्णको प्रयोग | २४ | ६० | १६ | ४० |
| पदयोग र पदवियोगको प्रयोग | १९ | ४७ | २१ | ५३ |
| चन्द्रविन्दु र शिरविन्दुको प्रयोग | १८ | ४५ | २२ | ५५ |
| हलन्त र अजन्तको प्रयोग | २५ | ६२ | १५ | ३८ |
| औसत | २५ | ६२ | १५ | ३८ |

माथिको तालिकाको आधारमा समग्र विद्यार्थीहरूको वर्णविन्यासगत क्षमतालाई अध्ययन गर्दा वर्णविन्यासगत क्षेत्रहरू जस्तै दीर्घमात्रा, पदयोग र पदवियोग, ब र व र लेख्यचिह्नको प्रयोगमा विद्यार्थीहरूले औसतभन्दा बढी त्रुटि गरेको देखियो । औसतमा १५ जना (३८%) विद्यार्थीहरूले वर्णविन्यासगत त्रुटि गरेको पाइयो भने २५ जना (६२%) विद्यार्थीहरूले शुद्ध गरेको पाइयो । यस तथ्याङ्कलाई आधार मानी विश्लेषण गर्दा समग्र विद्यार्थीहरूको वर्णविन्यास क्षमता मध्यमभन्दा राम्रो रहेको पाइन्छ ।

**वर्णविन्यासीय क्षेत्रगत प्रयोगको स्थिति**

कक्षा नौका विद्यार्थीहरूले सबैभन्दा बढी त्रुटि गरेको क्षेत्रहरू, दीर्घ, व, पदयोग, पदवियोग, चन्द्रविन्दु र हलन्त रहेको कुरा तथ्याङ्कबाट पुष्टि हुन्छ । यस्ता विभिन्न किसिमका वर्णविन्यासका क्षेत्रगत अशुद्धताहरूलाई विद्यार्थीको सङ्ख्यात्मक प्रतिशताङ्कसँग तथ्याङ्ककृत गरी तुलनात्मक निष्कर्ष निम्नानुसार प्रस्तुत गरिएको छ :

**ह्रस्वमात्रा प्रयोगको स्थिति :** विद्यार्थीहरूले शब्दका विभिन्न ठाउँहरूमा ह्रस्वमात्राको प्रयोगमा गरेका त्रुटिहरूलाई तल प्रस्तुत गरिएको छ :

***शब्दादिमा ह्रस्व मात्रा प्रयोगको स्थिति :*** नेपाली भाषामा ह्रस्व र दीर्घसम्बन्धी आआफ्नै नियमहरू रहेका छन् । विद्यार्थीहरूले ह्रस्वको ठाँउमा धेरै दीर्घ प्रयोग गरेको पाइएको छ । शब्दादिको ह्रस्वमा विद्यार्थीहरूले गरेका त्रुटिहरूलाई तल तालिकामा देखाइएको छ :

तालिका २ *शब्दादिमा ह्रस्व मात्रा प्रयोगको स्थिति*

| त्रुटिपूर्ण लेखन | | | शुद्ध लेखन | | |
|---|---|---|---|---|---|
| शब्दहरू | सङ्ख्या | प्रतिशत | शब्दहरू | सङ्ख्या | प्रतिशत |
| कीसान | ४ | १० | किसान | ३६ | ९० |

| | | | | | |
|---|---|---|---|---|---|
| हीमाल | ४ | १० | हिमाल | ३६ | ९० |
| त्रीयासी | १२ | ३० | त्रियासी | २८ | ७० |
| कूलो | २४ | ६० | कुलो | १६ | ४० |
| कीताब | ८ | २० | किताब | ३२ | ८० |
| औसत | १० | २६ | | ३० | ७४ |

माथिको तालिकाको आधारमा शब्दादिमा ह्रस्व १० जना (२६%) विद्यार्थीले अशुद्ध लेखेका छन् भने ३० जना (७४%) विद्यार्थीले शुद्ध लेखेका छन् । यस तथ्याङ्कबाट विद्यार्थीहरूको शब्दादिमा ह्रस्व लेखन क्षमता उच्च रहेको पाइन्छ ।

***शब्द मध्यमा ह्रस्वमात्रा प्रयोगको स्थिति :*** विद्यार्थीहरूले शब्दादिमा ह्रस्वमा मात्र नभएर शब्दमध्यमा ह्रस्वमा पनि त्रुटि गरेका छन् । विद्यार्थीहरूमा शब्दमध्यमा ह्रस्वसम्बन्धी ज्ञानको अभाव भएर यससम्बन्धी त्रुटि गरेको पाइन्छ । शब्द मध्यमा ह्रस्व लेखनमा विद्यार्थीहरूले गरेका त्रुटिलाई तलको तालिकामा देखाइएको छ :

तालिका ३ *शब्द मध्यमा ह्रस्वमात्रा प्रयोगको स्थिति*

| त्रुटिपूर्ण लेखन | | | शुद्ध लेखन | | |
|---|---|---|---|---|---|
| शब्दहरू | सङ्ख्या | प्रतिशत | शब्दहरू | सङ्ख्या | प्रतिशत |
| तालीम | १६ | ४० | तालिम | २४ | ६० |
| आधुनीक | २४ | ६० | आधुनिक | १६ | ४० |
| बतीस | १२ | ३० | बतिस | २८ | ७० |
| मानीस | २४ | ६० | मानिस | १६ | ४० |
| पहीचान | ८ | २० | पहिचान | ३२ | ८० |
| औसत | १७ | ४२ | | २३ | ५८ |

माथिको तालिकाको आधारमा शब्द मध्यमा ह्रस्व १७ जना (४२%) विद्यार्थीले अशुद्ध लेखेका छन् भने २३ जना (५८%) विद्यार्थीले शुद्ध लेखेका छन् । यस तथ्याङ्कबाट विद्यार्थीहरूको शब्द मध्यमा ह्रस्व लेखन क्षमता मध्यम रहेको पाइन्छ ।

***शब्द अन्त्यमा ह्रस्वमात्रा प्रयोगको स्थिति :*** नेपाली भाषाका शब्दको अन्त्यमा ह्रस्व लेखिनु पर्नेमा दीर्घ लेखिनु यस प्रकारको त्रुटि हो । शब्दान्तमा दीर्घ लेखेर त्रुटि हुन आएका शब्दहरूलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

तालिका ४ *शब्द अन्त्यमा ह्रस्वमात्रा प्रयोगको स्थिति*

| **त्रुटिपूर्ण लेखन** | | | **शुद्ध लेखन** | | |
|---|---|---|---|---|---|
| **शब्दहरू** | **सङ्ख्या** | **प्रतिशत** | **शब्दहरू** | **सङ्ख्या** | **प्रतिशत** |
| नाती | १६ | ४० | नाति | २४ | ६० |
| भाई | ४ | १० | भाइ | ३६ | ९० |
| आलू | ८ | २० | आलु | ३२ | ८० |
| प्रकृती | १६ | ४० | प्रकृति | २४ | ६० |
| वीधी | २० | ५० | विधि | २० | ५० |
| औसत | १३ | ३२ | | २७ | ६८ |

माथिको तालिकाको आधारमा शब्द अन्त्यमा ह्रस्व १३ जना (३२%) विद्यार्थीले अशुद्ध लेखेका छन् भने २७ जना (६८%) विद्यार्थीले शुद्ध लेखेका छन् । माथिको तथ्याङ्कबाट विद्यार्थीहरूको शब्द अन्त्यमा ह्रस्व लेखन क्षमता (प्रतिशतको आधारमा) उच्च रहेको पाइन्छ ।

**दीर्घमात्रा प्रयोगको स्थिति :** विद्यार्थीहरूले शब्दका विभिन्न ठाउँहरूमा दीर्घ मात्राको प्रयोगमा गरेका त्रुटिहरूलाई तल प्रस्तुत गरिएको छ :

***शब्दादिमा दीर्घमात्रा प्रयोगको स्थिति :*** विद्यार्थीहरूमा शब्दादिमा दीर्घसम्बन्धी ज्ञानको अभावका कारण धेरै त्रुटि गर्दछन् । शब्दादिमा दीर्घलेखनमा विद्यार्थीहरूले गरेका त्रुटिलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

तालिका ५ *शब्दादिमा दीर्घमात्रा प्रयोगको स्थिति*

| त्रुटिपूर्ण लेखन | | | शुद्ध लेखन | | |
|---|---|---|---|---|---|
| शब्दहरू | सङ्ख्या | प्रतिशत | शब्दहरू | सङ्ख्या | प्रतिशत |
| चित्कार | २८ | ७० | चीत्कार | १२ | ३० |
| सिमा | १६ | ४० | सीमा | २४ | ६० |
| फुल | १६ | ४० | फूल | २४ | ६० |
| जिवन | ४ | १० | जीवन | ३६ | ९० |
| शिर्षक | ३२ | ८० | शीर्षक | ८ | २० |
| औसत | १९ | ४८ | | २१ | ५२ |

माथिको तालिकाको आधारमा शब्दादिमा दीर्घ १९ जना (४८%) विद्यार्थीले अशुद्ध लेखेका छन् भने २१ जना (६८%) विद्यार्थीले शुद्ध लेखेका छन् । यस तथ्याङ्कबाट विद्यार्थीहरूको शब्दादिमा दीर्घलेखन क्षमता मध्यम रहेको पाइन्छ ।

***शब्द मध्यमा दीर्घमात्रा प्रयोगको स्थिति :*** कक्षा नौमा अध्ययन गर्ने विद्यार्थीहरूले शब्दमध्यमा दीर्घलेखनमा विद्यार्थीहरूले गरेका त्रुटिलाई तलको तालिकाद्वारा देखाइएको छ :

तालिका ६ *शब्द मध्यमा दीर्घमात्रा प्रयोगको स्थिति*

| **त्रुटिपूर्ण लेखन** | | | **शुद्ध लेखन** | | |
|---|---|---|---|---|---|
| **शब्दहरू** | **सङ्ख्या** | **प्रतिशत** | **शब्दहरू** | **सङ्ख्या** | **प्रतिशत** |
| शरिर | ३२ | ८० | शरीर | ८ | २० |
| परिक्षा | २६ | ७० | परीक्षा | १२ | ३० |
| नविन | २६ | ७० | नवीन | १२ | ३० |
| प्रतिक्षा | २४ | ६० | प्रतीक्षा | १६ | ४० |
| वर्गिय | २४ | ६० | वर्गीय | १६ | ४० |
| औसत | २७ | ६८ | | १३ | ३२ |

माथिको तालिकाको आधारमा शब्द मध्यमा दीर्घ २७ जना (६८%) विद्यार्थीले अशुद्ध लेखेका छन् भने १३ जना (३२%) विद्यार्थीले शुद्ध लेखेका छन् । यस तथ्याङ्कबाट विद्यार्थीहरूको शब्द मध्यमा दीर्घलेखन क्षमता कमजोर रहेको पाइन्छ ।

***शब्द अन्त्यमा दीर्घमात्रा प्रयोगको स्थिति :*** यस क्षेत्रमा विद्यार्थीहरूले धरै मात्रामा त्रुटि गर्ने गर्दछन् । विद्यार्थीहरूले शब्द अन्त्यमा दीर्घसम्बन्धी गरेका त्रुटिलाई तलको तालिकामा देखाइएको छ :

तालिका ७ *शब्द अन्त्यमा दीर्घमात्रा प्रयोगको स्थिति*

| **त्रुटिपूर्ण लेखन** | | | **शुद्ध लेखन** | | |
|---|---|---|---|---|---|
| **शब्दहरू** | **सङ्ख्या** | **प्रतिशत** | **शब्दहरू** | **सङ्ख्या** | **प्रतिशत** |
| ओरालि | २४ | ६० | ओराली | १६ | ४० |
| राइ | २८ | ७० | राई | १२ | ३० |
| सासु | २४ | ६० | सासू | १६ | ४० |
| नर्सरि | २० | ५० | नर्सरी | २० | ५० |
| ओखति | १६ | ४० | ओखती | २४ | ६० |
| औसत | २२ | ५६ | | १८ | ४४ |

माथिको तालिकाको आधारमा शब्द अन्त्यमा दीर्घ २२ जना (५६%) विद्यार्थीले अशुद्ध लेखेका छन् भने १८ जना (४४%) विद्यार्थीले शुद्ध लेखेका छन् । यस तथ्याङ्कबाट विद्यार्थीहरूको शब्द अन्त्यमा दीर्घलेखन क्षमता कमजोर रहेको पाइन्छ ।

**श, ष र स वर्ण प्रयोगको स्थिति :** नेपाली भाषामा बोलचालमा एउटा मात्र 'स' वर्णको प्रयोग हुने भए तापनि वर्णविन्यासको नियमअनुसार भाषाको लिखित रूपमा श, ष वर्णहरू समेत प्रयोग हुन्छन् । उच्चारण स्थानको आधारमा यिनलाई तालुबाट उच्चारण हुनेलाई तालव्य 'श' वर्त्स्यबाट उच्चारण हुनेलाई वर्त्स्य 'स' मूर्धन्यबाट उच्चारण हुनेलाई 'ष' भनिन्छ ।

नेपाली भाषाको लेखनमा प्रयोग गर्नु पर्ने 'श' वर्णको ठाउँमा विद्यार्थीहरूले 'ष' वर्ण लेखेर त्रुटि गर्दछन् त्यसैगरी 'ष' लेख्नुपर्ने स्थानमा 'श' वा 'स' लेखर र 'स' वर्ण लेख्नुपर्ने ठाउँमा 'श' वा 'ष' वर्ण लेखेर विद्यार्थीहरूले त्रुटि गर्ने गर्दछन् । विद्यार्थीहरूमा श, ष र स वर्णको प्रयोगमा उच्चारणगत भिन्नता, अर्थभेदक अवस्था र कुन प्रसङ्गमा कुन 'स' को प्रयोग कहाँ, कसरी र किन गर्ने भन्ने अभावका कारण यस्तो त्रुटि गर्ने गर्दछन् ।

कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूले यस क्षेत्रमा के कस्ता प्रकृतिका त्रुटिहरू गर्दछन् भन्ने जस्ता कुराको प्राप्त वस्तुनिष्ट तथ्यको आधारमा विश्लेषण गरिएको छ :

तालिका ८ *श , ष र स वर्ण प्रयोगको स्थिति*

| **त्रुटिपूर्ण लेखन** | | | **शुद्ध लेखन** | | |
|---|---|---|---|---|---|
| **शब्दहरू** | **सङ्ख्या** | **प्रतिशत** | **शब्दहरू** | **सङ्ख्या** | **प्रतिशत** |
| श वर्णको प्रयोग सम्बन्धी त्रुटि | | | | | |
| सिक्षण | १६ | ४० | शिक्षण | २४ | ६० |
| सिर्जनसील | ७ | १९ | सिर्जनशील | ३३ | ८१ |
| विस्वास | ४ | ११ | विश्वास | ३६ | ८९ |
| सिविर | ६ | १६ | शिविर | ३४ | ८४ |
| औसत | ९ | २२ | | ३१ | ७८ |
| ष वर्णको प्रयोग सम्बन्धी त्रुटि | | | | | |
| परिभासा | ११ | २८ | परिभाषा | २९ | ७२ |
| विसादी | १३ | ९ | विषादी | ३७ | ९१ |
| कृसि | १४ | ३४ | कृषि | २६ | ६६ |
| पुरुस | १९ | ४९ | पुरुष | २१ | ५१ |
| औसत | १२ | ३० | | २८ | ७० |
| स वर्णको प्रयोग सम्बन्धी त्रुटि | | | | | |
| नर्श | २७ | ६९ | नर्स | १३ | ३१ |
| बाइस | २९ | ७३ | बाइस | ११ | २७ |
| शउन | १७ | ४३ | साउन | २३ | ५७ |

| | | | | | |
|---|---|---|---|---|---|
| साहश | २२ | ५४ | साहस | १८ | ४६ |
| औसत | २४ | ६० | | १६ | ४० |

माथिको तालिकाको आधारमा 'श', 'ष' र 'स' वर्ण क्रमश ९ जना (२३%), १२ जना (३०%) र २४ जना (६०%) विद्यार्थीले अशुद्ध लेखेका छन् भने ३१ जना (७७%), २८ जना (७०%) र १६ जना (४०%) विद्यार्थीले शुद्ध लेखेका छन् जुन तथ्याङ्कबाट 'श' र 'ष' वर्ण दुवैको प्रयोग क्षमता उच्च रहेको पाइन्छ भने 'स' वर्ण को प्रयोग क्षमता कमजोर रहेको पाइन्छ । औसतमा 'श', 'ष' र 'स' वर्ण १५ जना (३८ %) विद्यार्थीले अशुद्ध लेखेका छन् भने २५ जना (६२%) विद्यार्थीले शुद्ध लेखेका छन् । यस तथ्याङ्कबाट विद्यार्थीहरूको 'श', 'ष' र 'स' वर्णको प्रयोग क्षमता उच्च रहेको पाइन्छ ।

**य र ए वर्ण प्रयोगको स्थिति :** नेपाली भाषाको लेखन कार्यमा विद्यार्थीहरूले प्रस्तुत अध्ययनमा 'य' को स्थानमा 'ए' र 'ए' को स्थानमा 'य' लेखी त्रुटि गर्ने गरेको भेटियो । कथ्य नेपाली भाषामा खासै भिन्नता नभए पनि लेख्य रूपमा प्रयोग गर्ने क्रममा 'य' र 'ए' वर्णको प्रयोगमा एक अर्कालाई वैकल्पिक रूपमा प्रयोग गर्नु त्रुटिपूर्ण मानिन्छ । विद्यार्थीहरूले 'य' र 'ए' वर्णको प्रयोगमा गरेको त्रुटिलाई तलको तालिकामा देखाइएको छ :

तालिका ९ *य र ए वर्ण प्रयोगको स्थिति*

| **त्रुटिपूर्ण लेखन** | | | **शुद्ध लेखन** | | |
|---|---|---|---|---|---|
| **शब्दहरू** | **सङ्ख्या** | **प्रतिशत** | **शब्दहरू** | **सङ्ख्या** | **प्रतिशत** |
| 'य' वर्णको प्रयोग सम्बन्धी त्रुटि | | | | | |
| रमणीए | २८ | ६९ | रमणीय | १२ | ३१ |
| विजए | ८ | १९ | ीवजय | ३२ | ८१ |
| पाएल | ४ | ११ | पयल | ३६ | ८९ |
| साएद | १२ | ३० | सायद | २६ | ७० |
| एसो | ७ | १८ | यसो | ३३ | ८२ |
| औसत | १२ | २९ | | २८ | ७१ |
| 'ए' वर्णको प्रयोग सम्बन्धी त्रुटि | | | | | |
| यकान्त | ११ | २८ | एकान्त | २९ | ७२ |
| यकसरो | ४ | ९ | एकसरो | ३६ | ९१ |
| यउटा | १४ | ३४ | एउटा | २६ | ६६ |
| इकता | १० | २४ | एकता | ३० | ७६ |
| यकादशी | १२ | ३० | एकादशी | २८ | ७० |
| औसत | १० | २५ | | ३० | ७५ |

माथिको तालिकाको आधारमा 'य' र 'ए' वर्ण क्रमश १२ जना (२९%) र १० जना (२५%) विद्यार्थीले अशुद्ध लेखेका छन् भने २८ जना (७१%) र ३० जना (७५%) विद्यार्थीले शुद्ध लेखेका छन् जुन तथ्याङ्कबाट 'य' र 'ए' वर्ण दुवैको प्रयोग क्षमता उच्च रहेको पाइन्छ । औसतमा 'य' र 'ए' वर्ण ११ जना (२७%)

विद्यार्थीले अशुद्ध लेखेका छन् भने २९ जना (७३%) विद्यार्थीले शुद्ध लेखेका छन् । यस तथ्याङ्कबाट विद्यार्थीहरूको 'य' र 'ए' वर्ण प्रयोग क्षमता उच्च रहेको पाइन्छ ।

**ब र व वर्ण प्रयोगको स्थिति :** नेपाली शब्दहरू ब र व को प्रयोगमा स्पष्ट रूपमा भिन्नता पाइन्छ भने तत्सम नेपाली शब्दहरूमा चाहिँ अधिकांश रूपमा 'व' लेखिने तर उच्चारण 'ब' हुने शब्द पनि छन् । यसैलाई लेख्य रूपमा प्रस्तुत गर्दा उच्चारणअनुसार ब नै लेखिन्छ । अध्ययनका क्रममा विद्यार्थीले लेखेका उत्तरपुस्तिकालाई गहिरिएर परीक्षण गर्दा विभिन्न त्रुटिहरू गरेको देखिन्छ । यसका प्रयोगको अवस्थालाई तलको तालिकामा देखाइएको छ :

तालिका १० *ब र व वर्ण प्रयोगको स्थिति*

| **त्रुटिपूर्ण लेखन** | | | **शुद्ध लेखन** | | |
|---|---|---|---|---|---|
| **शब्दहरू** | **सङ्ख्या** | **प्रतिशत** | **शब्दहरू** | **सङ्ख्या** | **प्रतिशत** |
| 'ब' वर्णको प्रयोग सम्बन्धी त्रुटि | | | | | |
| वोलाइ | ८ | १९ | बोलाइ | ३२ | ८१ |
| फुटवल | १८ | ४५ | फुटबल | २२ | ५५ |
| साइवर | १६ | ४१ | साइबर | २४ | ५९ |
| वाजा | १० | २४ | बजा | ३० | ७६ |
| वेलुका | ११ | २८ | बेलुका | २९ | ७२ |
| औसत | १२ | ३१ | | २८ | ६९ |
| 'व' वर्णको प्रयोग सम्बन्धी त्रुटि | | | | | |
| बिकास | १० | २५ | विकास | ३० | ७५ |
| कबिता | १६ | ३९ | कविता | २४ | ६१ |
| बसन्त | १८ | ४४ | वसन्त | २२ | ५६ |
| ऋभाब | २८ | ६९ | ऋभाव | १२ | ३१ |
| सबार | १९ | ४८ | सवार | २१ | ५२ |
| औसत | १८ | ४५ | | २२ | ५५ |

माथिको तालिकाको आधारमा 'ब' र 'व' वर्ण क्रमश १२ जना (३१%) र १८ जना (४५%) विद्यार्थीले अशुद्ध लेखेका छन् भने २८ जना (६९%) र २२ जना (५५%) विद्यार्थीले शुद्ध लेखेका छन् जुन तथ्याङ्कबाट 'ब' वर्णको प्रयोग उच्च र 'व' वर्ण को प्रयोग क्षमता मध्यम रहेको पाइन्छ । औसतमा 'ब' र 'व' वर्ण १५ जना (३८%) विद्यार्थीले अशुद्ध लेखेका छन् भने ४९ जना (६२%) विद्यार्थीले शुद्ध लेखेका छन् । यस तथ्याङ्कबाट विद्यार्थीहरूको 'ब' र 'व' वर्ण प्रयोग क्षमता मध्यम रहेको पाइन्छ ।

**शिरविन्दु र चन्द्रविन्दु प्रयोगको स्थिति :** नेपाली भाषामा प्रयोग गरिने चन्द्रविन्दु ( ँ ) र शिरविन्दु ( ं ) उस्ता उस्तै लागे पनि यिनीहरूको प्रयोग छुट्टै किसिमले गर्नुपर्दछ । नाकेश्वर उच्चारित दुबै ठाँउमा चन्द्रविन्दु र पञ्चमा वर्ण (ङ,ञ,ण,न,म) को ठाउँमा शिरविन्दु प्रयोग गरिन्छ । चन्द्रविन्दुको प्रयोग प्रथम पुरुषको क्रियापदमा गरिन्छ । डिकोमाथि चिन्ह नलेखिने स्थितिमा यसको प्रयोग हुन्छ विद्यार्थीहरूले कतिपय

ठाउँमा चन्द्रविन्दु हुनुपर्नेमा शिरविन्दु र शिरविन्दु हुने ठाउँमा चन्द्रविन्दुको प्रयोग गरेको पाइयो । जुन तथ्याङ्कलाई तल तालिकामा देखाइएको छ :

तालिका ११ *शिरविन्दु र चन्द्रविन्दु प्रयोगको स्थिति*

| **त्रुटिपूर्ण लेखन** | | | **शुद्ध लेखन** | | |
|---|---|---|---|---|---|
| **शब्दहरू** | **सङ्ख्या** | **प्रतिशत** | **शब्दहरू** | **सङ्ख्या** | **प्रतिशत** |
| शिरविन्दु प्रयोग सम्बन्धी त्रुटि | | | | | |
| सँवाद | १८ | ४५ | संवाद | २२ | ५५ |
| व्श | २० | ५१ | वंश | २० | ४९ |
| सम्रचना | १८ | ४४ | संरचना | २२ | ५६ |
| सँसार | २६ | ६६ | संसार | १४ | ३४ |
| सँयोग | १६ | ४१ | संयोग | २४ | ५९ |
| औसत | २० | ५० | | २० | ५० |
| चन्द्रविन्दु प्रयोग सम्बन्धी त्रुटि | | | | | |
| हास | २० | ४९ | हाँस | २० | ५१ |
| क्हा | २२ | ५५ | कहाँ | १८ | ४५ |
| गउ | २८ | ६९ | गाउँ | १२ | ३१ |
| हगो | ३० | ७६ | हाँगो | १० | २४ |
| अंजुली | १६ | ३९ | अँजुली | २४ | ६१ |
| औसत | २३ | ५८ | | १७ | ४२ |

माथिको तालिकाको आधारमा शिरविन्दु र चन्द्रविन्दु क्रमश २० जना (५०%) र २३ जना (५८%) विद्यार्थीले अशुद्ध लेखेका छन् भने २० जना (५०%) र १७ जना (४२%) विद्यार्थीले शुद्ध लेखेका छन् । जुन तथ्याङ्कबाट शिरविन्दुको प्रयोग क्षमता मध्यम रहेको पाइन्छ भने चन्द्रविन्दुको प्रयोग क्षमता कमजोर रहेको पाइन्छ । औसतमा शिरविन्दु र चन्द्रविन्दु २२ जना (५४%) विद्यार्थीले अशुद्ध लेखेका छन् भने १८ जना ( ४६%) विद्यार्थीले शुद्ध लेखेका छन् । यस तथ्याङ्कबाट विद्यार्थीहरूको शिरविन्दु र चन्द्रविन्दु प्रयोग क्षमता कमजोर रहेको पाइन्छ ।

**पदयोग र पदवियोग प्रयोगको स्थिति :** कुनै शब्द वा पदलाई लेख्दा जोड्नुपर्ने र कहीँ छुट्याउनु पर्ने हुन्छ । मौखिक भाषामा शब्दहरूको उच्चारण गर्दा एउटा शब्द र अर्को शब्दलाई छुट्याउने खास किसिमको विश्राम हुन्छ । त्यस्तै लिखित भाषामा एउटा शब्द र अर्को शब्दको सीमाबिच छोडिने अन्तरले विश्रामको प्रतिनिधित्व गर्दछ । एउटा डिकोभित्र शब्दका अंशहरूलाई समेटिनुले पदयोगलाई जनाउँदछ भने अलग डिकोभित्र लेख्नुलाई पदवियोगले जनाउँछ । विद्यार्थीहरूको पदयोग र पदवियोगसम्बन्धी क्षमतालाई तलको तालिकाद्वारा देखाइएको छ :

तालिका १२ *पदयोग र पदवियोग प्रयोगको स्थिति*

| **त्रुटिपूर्ण लेखन** | | | **शुद्ध लेखन** | | |
|---|---|---|---|---|---|
| **शब्दहरू** | **सङ्ख्या** | **प्रतिशत** | **शब्दहरू** | **सङ्ख्या** | **प्रतिशत** |

| | | | | | |
|---|---|---|---|---|---|
| पदयोग सम्बन्धी त्रुटि | | | | | |
| घर देखि | १२ | २९ | घरदेखि | २८ | ७१ |
| खोला पारि | १२ | ३१ | खोलापारि | २८ | ६९ |
| गाउँसम्म | ८ | १९ | गाउँसम्म | ३२ | ८१ |
| सह सचिव | २० | ५१ | सहसचिव | २० | ४९ |
| भना भन | २६ | ६४ | भ्नाभन | २४ | ३६ |
| औसत | १६ | ३९ | | २४ | ६१ |
| पदवियोग सम्बन्धी त्रुटि | | | | | |
| आइपोहाल | २७ | ६७ | आइ पो हाल | १३ | ३३ |
| भएकोछ | २४ | ६० | भएको छ | १६ | ४० |
| घरकाअगाडि | २० | ५१ | घरका अगाडि | २० | ४९ |
| हुनपुग्छ | ३० | ७६ | हुन पुग्छ | १० | २४ |
| होतनि | ३० | ७५ | हो त नि | १० | २५ |
| छतकामुनि | २४ | ५९ | छतका मुनि | १६ | ४१ |
| औसत | २६ | ६५ | | १४ | ३५ |

माथिको तालिकाको आधारमा पदयोग र पदवियोग क्रमशः १६ जना (३९%) र २६ जना (६५%) विद्यार्थीले अशुद्ध लेखेका छन् भने २४ जना (६१%) र १४ जना (३५%) विद्यार्थीले शुद्ध लेखेका छन् जुन तथ्याङ्कबाट पदयोगको प्रयोग क्षमता मध्यम रहेको पाइन्छ भने पदवियोगको प्रयोग क्षमता कमजोर रहेको पाइन्छ । औसतमा पदयोग र पदवियोग २१ जना (५३%) विद्यार्थीले अशुद्ध लेखेका छन् भने १९ जना (४७%) विद्यार्थीले शुद्ध लेखेका छन् । यस तथ्याङ्कबाट विद्यार्थीहरूको पदयोग र पदवियोग प्रयोग क्षमता कमजोर रहेको पाइन्छ ।

**हलन्त र अजन्त प्रयोगको स्थिति :** विद्यार्थीहरूले शब्दमा हलन्त र अजन्त प्रयोगमा गरेका त्रुटिहरूलाई तल प्रस्तुत गरिएको छ :

***हलन्त प्रयोगको स्थिति :*** अन्त्यमा व्यञ्जन हुने शब्दलाई हलन्त भनिन्छ । हल् भनेको व्यजनवर्ण हो । हल् वर्णको उच्चारण पूरा नभई आधा मात्र हुन्छ । कुनै पनि शब्दको प्रयोगमा अघिल्लो वा बिचको अक्षर हल् छ भने खुट्टा काट्ने चलन छ । विद्यार्थीहरूको हलन्त लेखन क्षमताको अवस्थालाई तलको तालिकामा यसरी प्रस्तुत गरिएको छ ।

तालिका १३ *हलन्तको प्रयोगको स्थिति*

| **त्रुटिपूर्ण लेखन** | | | **शुद्ध लेखन** | | |
|---|---|---|---|---|---|
| **शब्दहरू** | **सङ्ख्या** | **प्रतिशत** | **शब्दहरू** | **सङ्ख्या** | **प्रतिशत** |
| लेख्नुहोस | ३३ | ८३ | लेख्नुहोस् | ७ | १७ |
| भेटछ | २३ | ५८ | भेट्छ | १७ | २२ |
| बृहत | २९ | ७३ | बृहत् | ११ | २७ |

| | | | | | |
|---|---|---|---|---|---|
| विद्वान | ४९ | ६१ | विद्वान् | १६ | ३९ |
| सङघर्ष | ३० | ७६ | सङ्घर्ष | १० | २४ |
| औसत | २८ | ७० | | १२ | ३० |

माथिको तालिकाको आधारमा हलन्तको प्रयोग २८ जना (७०%) विद्यार्थीले अशुद्ध लेखेका छन् भने १२ जना (३०%) विद्यार्थीले शुद्ध लेखेका छन् । यस तथ्याङ्कबाट विद्यार्थीहरूको हलन्तको प्रयोग क्षमता कमजोर रहेको पाइन्छ ।

***अजन्त प्रयोगको स्थिति :*** अजन्त भनेको स्वर वर्ण हो । नेपाली भाषाका पदयोगमा आउने कतिपय शब्दहरू हलन्त उच्चारण गरे तापनि लेखाइमा अजन्त लेखिन्छ । विद्यार्थीहरूको अजन्त लेखन क्षमताको अवस्थालाई यसरी तलको तालिकामा देखाइएको छ :

तालिका १४ *अजन्त प्रयोगको स्थिति*

| **त्रुटिपूर्ण लेखन** | | | **शुद्ध लेखन** | | |
|---|---|---|---|---|---|
| **शब्दहरू** | **सङ्ख्या** | **प्रतिशत** | **शब्दहरू** | **सङ्ख्या** | **प्रतिशत** |
| महल् | ० | ० | महल | ४० | १०० |
| भनाभन् | ५ | १३ | भनाभन | ३५ | ८७ |
| औसत् | २ | ५ | औसत | ३८ | ९५ |
| जीवन् | ३ | ८ | जीवन | ३७ | ९२ |
| हिमाल् | ० | ० | हिमाल | ४० | १०० |
| औसत | २ | ५ | | ३८ | ९५ |

माथिको तालिकाको आधारमा अजन्तको प्रयोग २ जना (५%) विद्यार्थीले अशुद्ध लेखेका छन् भने ३८ जना (९५%) विद्यार्थीले शुद्ध लेखेका छन् । यस तथ्याङ्कबाट विद्यार्थीहरूको अजन्तको प्रयोग क्षमता उच्च रहेको पाइन्छ ।

**भाषिक पृष्ठभूमिका आधारमा वर्णविन्यास क्षमताको तुलना**

दोलखा जिल्लाका कक्षा नौमा अध्ययनरत चार विद्यालयका २० जना नेपाली भाषी र २० जना नेपाली इतरभाषी (नेवारी भाषी ७ जना, तामाङ भाषी ६ जना, थामी भाषी ५ जना, शेर्पा भाषी १ जना, गुरुङ भाषी १ जना) गरी जम्मा ४० विद्यार्थीहरू प्रस्तुत अध्ययनमा सहभागी थिए । सोही सङ्ख्याका आधारमा यस अध्ययनमा भाषिक पृष्ठभूमिका दृष्टिले नेपालीभाषी र नेपाली इतरभाषीको वर्णविन्यास क्षमताको तुलना विभिन्न शीर्षकमा छुट्याएर निम्नानुसार विश्लेषण गरिएको छ :

**भाषिक पृष्ठभूमिको आधारमा समग्र वर्णविन्यास क्षमताको तुलना**

भाषिक पृष्ठभूमिका आधारमा समग्र वर्णविन्यासगत क्षेत्रको तथ्याङ्कलाई तल तालिकामा देखाइएको छ :

तालिका १५ *भाषिक पृष्ठभूमिको आधारमा समग्र वर्णविन्यास क्षमताको तुलना*

| | **नेपाली भाषी (२०)** | | | | **नेपाली इतरभाषी (२०)** | | | |
|---|---|---|---|---|---|---|---|---|
| **जम्मा विद्यार्थी सङ्ख्या (४०)** | **त्रुटि गर्ने** | | **त्रुटि नगर्ने** | | **त्रुटि गर्ने** | | **त्रुटि नगर्ने** | |
| वर्णविन्यासका क्षेत्रगत प्रयोग | सं | प्र | सं | प्र | सं | प्र | सं | प्र |
| ह्रस्वमात्रा | ६ | ३० | १४ | ७० | ८ | ३८ | १२ | ६२ |
| दीर्घमात्रा | १० | ५० | १० | ५० | १३ | ६५ | ७ | ३५ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| श ,ष र स वर्ण | ९ | ४३ | ११ | ५७ | ७ | ३३ | १३ | ६७ |
| य र ए वर्ण | ५ | २३ | १५ | ७७ | ७ | ३३ | १३ | ६७ |
| ब र व वर्ण | ६ | ३० | १४ | ७० | १० | ४८ | १० | ५२ |
| पदयोग र पदवियोग | ९ | ४३ | ११ | ५७ | १३ | ६३ | ७ | ३७ |
| चन्द्रविन्दु र शिरविन्दु | ९ | ४५ | ११ | ५५ | १३ | ६५ | ७ | ३५ |
| हलन्त र अजन्त | ७ | ३३ | १३ | ६७ | ९ | ४३ | ११ | ५७ |
| औसत | ७ | ३५ | १३ | ६५ | ९ | ४४ | ११ | ५७ |

माथिको तालिका नं. १५ को आधारमा नेपाली भाषी र नेपाली इतरभाषी विद्यार्थीहरू बिचको वर्णविन्यासगत क्षमतालाई अध्ययन गर्दा वर्णविन्यासगत क्षेत्रहरू जस्तै ह्रस्वमात्रा, दीर्घमात्रा, चन्द्रविन्दु र शिरविन्दु, श , ष र स वर्ण, पदयोग र पदवियोगको प्रयोगमा नेपाली इतरभाषी विद्यार्थीहरूले नेपाली भाषी विद्यार्थीहरूभन्दा बढी त्रुटि गरेको देखिन्छ । समग्र वर्णविन्यासगत क्षेत्रहरूको औसतमा नेपाली भाषी ३५% विद्यार्थीहरूले वर्णविन्यासगत त्रुटि गरेको पाइयो भने नेपाली इतरभाषी ४४% विद्यार्थीहरूले वर्णविन्यासगत त्रुटि गरेको देखिन्छ । यस तथ्याङ्कलाई विश्लेषण गर्दा नेपाली इतरभाषीभन्दा नेपाली भाषी विद्यार्थीहरूको वर्णविन्यास क्षमता राम्रो रहेको पाइन्छ ।

**ह्रस्वमात्रा प्रयोगको तुलना :** नेपाली भाषी र नेपाली इतरभाषी विद्यार्थीहरूको ह्रस्व प्रयोग क्षमतासम्बन्धी त्रुटिहरूको तुलनात्मक स्थितिलाई तलको तालिकामा देखाइएको छ :

तालिका १६ *ह्रस्वमात्रा प्रयोगको तुलना*

| **जम्मा** | **नेपाली भाषी (२०)** | | | | **नेपाली इतरभाषी (२०)** | | | |
|---|---|---|---|---|---|---|---|---|
| **त्रुटि क्षेत्र** | **त्रुटि गर्ने** | **प्रतिशत** | **त्रुटि नगर्ने** | **प्रतिशत** | **त्रुटि गर्ने** | **प्रतिशत** | **त्रुटि नगर्ने** | **प्रतिशत** |
| शब्दादि | ५ | २३ | १५ | ७७ | ६ | ३० | १४ | ७० |
| शब्दमध्य | ८ | ४० | १२ | ६० | १० | ४८ | १० | ५२ |
| शब्दान्त | ५ | २३ | १५ | ७७ | ९ | ४३ | ११ | ५७ |
| औसत | ६ | ३० | १४ | ७० | ८ | ३८ | १२ | ६२ |

माथिको तालिकामा नेपालीभाषी र नेपाली इतरभाषी विद्यार्थीहरू बिचको तुलनामा ह्रस्व प्रयोगसम्बन्धी शब्दादि, शब्दमध्य र शब्दान्तमा शुद्ध लेखन गर्ने नेपाली भाषी क्रमशः ७७, ६०, ७७ प्रतिशत तथा त्रुटि गर्ने क्रमशः २३, ४० र २३ प्रतिशत रहेको पाइन्छ भने शब्दादि, शब्दमध्य र शब्दान्तमा शुद्ध गर्ने नेपाली इतरभाषी क्रमशः ७०, ५२ र ५७ प्रतिशत रहेको पाइन्छ भने त्रुटिगर्ने क्रमशः ३०, ४८ र ४३ प्रतिशत रहेको पाइन्छ । समग्रमा ह्रस्व प्रयोगसम्बन्धी औसत नेपाली भाषीहरूको शुद्ध लेखन क्षमता ७० प्रतिशत र त्रुटि ३० प्रतिशत रहेको पाइन्छ । त्यसैगरी औसत नेपाली इतरभाषीहरूको शुद्ध लेखन क्षमता ६२ प्रतिशत र त्रुटिपूर्ण लेखन ३८ प्रतिशत रहेको पाइन्छ । यसरी दुबैको तुलना गरी निष्कर्षमा पुग्दा नेपाली भाषीभन्दा नेपाली इतरभाषीको त्रुटिगत स्थिति ८ प्रतिशतले बढी रहेको पाइन्छ ।

**दीर्घमात्रा प्रयोगको तुलना :** नेपाली भाषी र नेपाली इतरभाषी विद्यार्थीहरूले दीर्घ प्रयोग सच्चा त्रुटि शब्दादि, शब्दमध्य र शब्दान्तमा विद्यार्थीहरूले गर्ने गरेका दीर्घ प्रयोगसम्बन्धी त्रुटिहरूको तुलनात्मक स्थितिलाई तलको तालिकामा देखाइएको छ :

तालिका १७ *दीर्घमात्रा प्रयोगको तुलना*

| जम्मा | नेपाली भाषी (२०) | | | | नेपाली इतरभाषी (२०) | | | |
|---|---|---|---|---|---|---|---|---|
| **त्रुटि क्षेत्र** | **त्रुटि गर्ने** | **प्रतिशत** | **त्रुटि नगर्ने** | **प्रतिशत** | **त्रुटि गर्ने** | **प्रतिशत** | **त्रुटि नगर्ने** | **प्रतिशत** |
| शब्दादि | ८ | ४० | १२ | ६० | ११ | ५५ | ९ | ४५ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| शब्दमध्य | ११ | ५५ | ९ | ४५ | १६ | ८० | ४ | २० |
| शब्दान्त | १० | ५० | १० | ५० | १३ | ६३ | ७ | ३७ |
| औसत | १० | ५० | १० | ५० | १३ | ६५ | ७ | ३५ |

माथिको तालिकामा नेपालीभाषी र नेपाली इतरभाषी विद्यार्थीहरू बिचको तुलनामा दीर्घ प्रयोग सम्बन्धी शब्दादि, शब्दमध्य र शब्दान्तमा शुद्ध लेखन गर्ने नेपाली भाषी क्रमशः ६०, ४५ र ५० प्रतिशत तथा त्रुटि गर्ने क्रमशः ४०, ५५ र ५० प्रतिशत रहको पाइन्छ भने शब्दादि, शब्दमध्य र शब्दान्तमा शुद्ध लेखन गर्ने नेपाली इतरभाषी क्रमशः ४५, ३० र ३७ प्रतिशत रहेको पाइन्छ भने त्रुटि गर्ने क्रमशः ५५, ८० र ६३ प्रतिशत रहेको पाइन्छ । समग्रमा दीर्घ प्रयोगसम्बन्धी औसत नेपाली भाषीहरूको शुद्ध लेखन क्षमता ५० प्रतिशत र त्रुटि ५० प्रतिशत रहेको पाइन्छ । त्यसैगरी औसत नेपाली इतरभाषीहरूको शुद्ध लेखन क्षमता ३५ प्रतिशत र त्रुटिपूर्ण लेखन ६५ प्रतिशत रहेको पाइन्छ । यसरी दुबैको तुलना गरी निष्कर्षमा पुग्दा नेपाली भाषीभन्दा नेपाली इतरभाषीको त्रुटिगत स्थिति १५ प्रतिशतले बढी रहेको पाइन्छ ।

**श, ष र स वर्ण प्रयोगको तुलना :** प्रस्तुत अध्ययनमा भाषिक पृष्ठभूमिका दृष्टिले श, ष र स वर्णको प्रयोगमा गरेका त्रुटिहरूलाई निम्नलिखित तालिकामा देखाइएको छ :

तालिका १८ *श, ष र स वर्ण प्रयोगको तुलना*

| जम्मा | नेपाली भाषी (२०) | | | | नेपाली इतरभाषी (२०) | | | |
|---|---|---|---|---|---|---|---|---|
| **त्रुटि क्षेत्र** | **त्रुटि गर्ने** | **प्रतिशत** | **त्रुटि नगर्ने** | **प्रतिशत** | **त्रुटि गर्ने** | **प्रतिशत** | **त्रुटि नगर्ने** | **प्रतिशत** |
| श वर्ण | ६ | २८ | १४ | ७२ | ७ | १८ | १३ | ८२ |
| ष वर्ण | ७ | ३५ | १३ | ६५ | ५ | २५ | १५ | ७५ |
| स वर्ण | १३ | ६३ | ७ | ३७ | १२ | ५८ | ८ | ४२ |
| औसत | ९ | ४३ | ११ | ५७ | ७ | ३३ | १३ | ६७ |

माथिको तालिकामा नेपाली भाषी र नेपाली इतरभाषी विद्यार्थीहरूबिचको तुलनात्मक स्थिति हेर्दा श, ष र स वर्णको प्रयोगसम्बन्धी शुद्ध लेख्ने नेपाली भाषी विद्यार्थीहरूले क्रमशः ७२, ६५ र ३७ प्रतिशत तथा त्रुटि गर्ने क्रमशः २८, ३५ र ६३ प्रतिशत पाइन्छ भने श, ष र स वर्णको प्रयोगसम्बन्धी शुद्ध लेख्ने नेपाली इतरभाषी विद्यार्थीहरू क्रमशः ८२, ७५ र ४२ प्रतिशत तथा त्रुटि गर्ने क्रमशः १८, २५ र ५८ प्रतिशत पाइन्छ । समग्रमा श, ष र स वर्णको प्रयोगसम्बन्धी औसत नेपाली भाषी विद्यार्थीहरूको शुद्ध लेखन क्षमता ५७ प्रतिशत र त्रुटि गर्ने ४३ प्रतिशत रहेको पाइन्छ भने औसत नेपाली इतरभाषी विद्यार्थीहरूको शुद्ध लेखन क्षमता ६७ प्रतिशत र त्रुटि गर्ने ३३ प्रतिशत रहेको पाइन्छ । यसरी दुबैको तुलना गरी निष्कर्षमा पुग्दा नेपाली इतरभाषीभन्दा नेपाली भाषी विद्यार्थीहरूको त्रुटिगत स्थिति १० प्रतिशतले बढी रहेको देखिन्छ ।

**ब र व वर्ण प्रयोगको तुलना :** नेपाली भाषी विद्यार्थी र नेपाली इतरभाषी विद्यार्थीहरूले ब र व वर्णको प्रयोगमा गरेको त्रुटिको स्थितिलाई तलको तालिकामा देखाइएको छ :

तालिका १९ *ब र व वर्ण प्रयोगको तुलना*

| जम्मा | नेपाली भाषी (२०) | | | | नेपाली इतरभाषी (२०) | | | |
|---|---|---|---|---|---|---|---|---|
| **त्रुटि क्षेत्र** | **त्रुटि गर्ने** | **प्रतिशत** | **त्रुटि नगर्ने** | **प्रतिशत** | **त्रुटि गर्ने** | **प्रतिशत** | **त्रुटि नगर्ने** | **प्रतिशत** |
| ब वर्ण | ५ | २३ | १५ | ७७ | ८ | ४० | १२ | ६० |
| व वर्ण | ७ | ३५ | १३ | ६५ | ११ | ५५ | ९ | ४५ |
| औसत | ६ | ३० | १४ | ७० | १० | ४८ | १० | ५२ |

माथिको तालिकामा नेपाली भाषी र नेपाली इतरभाषी बिचको तुलनात्मक स्थिति हेर्दा व र ब वर्ण प्रयोगमा त्रुटि गर्ने नेपालीभाषी क्रमशः २३ र ३५ प्रतिशत र शुद्ध लेखन गर्ने क्रमशः ७७ र ६५ प्रतिशत रहेको देखिन्छ । त्यस्तै गरी त्रुटि गर्ने नेपाली इतरभाषीतर्फ क्रमशः ४० र ४५ प्रतिशत र शुद्ध लेखन

गर्ने नेपाली इतरभाषी क्रमशः ६० र ४५ प्रतिशत रहेको पाइन्छ। समग्रमा हेर्दा नेपाली भाषिभन्दा नेपाली इतरभाषी विद्यार्थीहरूले व र ब वर्णको प्रयोगमा १८ प्रतिशत बढीले त्रुटि गरेको पाइन्छ।

**पदयोग र पदवियोग प्रयोगको तुलना :** कक्षा नौमा अध्ययनरत नेपाली भाषी र नेपाली इतरभाषी विद्यार्थीहरूले पदयोग र पदवियोगको प्रयोगसम्बन्धी त्रुटिलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

तालिका २० *पदयोग र पदवियोग प्रयोगको तुलना*

| जम्मा | नेपाली भाषी (२०) | | | | नेपाली इतरभाषी (२०) | | | |
|---|---|---|---|---|---|---|---|---|
| **त्रुटि क्षेत्र** | **त्रुटि गर्ने** | **प्रतिशत** | **त्रुटि नगर्ने** | **प्रतिशत** | **त्रुटि गर्ने** | **प्रतिशत** | **त्रुटि नगर्ने** | **प्रतिशत** |
| पदयोग | ७ | ३५ | १३ | ६५ | ९ | ४३ | ११ | ५७ |
| पदवियोग | १० | ५० | १० | ५० | १६ | ८० | ४ | २० |
| औसत | ९ | ४३ | ११ | ५७ | १३ | ६३ | ७ | ३७ |

माथिको तालिकामा नेपालीभाषी र नेपाली इतरभाषी विद्यार्थीहरूको तुलनात्मक स्थिति हेर्दा पदयोग र पदवियोगसम्बन्धी त्रुटि गर्ने विद्यार्थीहरू नेपालीभाषीतर्फ क्रमशः ३५ र ५० प्रतिशत तथा शुद्ध लेखन गर्ने क्रमशः ६५ र ५० प्रतिशत रहेको पाइन्छ भने नेपाली इतरभाषी विद्यार्थीहरूतर्फ त्रुटि गर्ने विद्यार्थीहरू क्रमशः ४३ र ८० प्रतिशत तथा शुद्ध लेखन गर्ने क्रमशः ५७ र २० प्रतिशत रहेको पाइन्छ। समग्रमा नेपालीभाषीतर्फ त्रुटि गर्ने औसत विद्यार्थीहरू ४३ प्रतिशत र शुद्ध लेखन गर्ने ५७ प्रतिशत रहेको पाइन्छ। त्यस्तै गरी समग्रमा नेपाली इतरभाषीतर्फ त्रुटि गर्ने औसत विद्यार्थीहरू ६३ प्रतिशत र शुद्ध लेखन गर्ने ३७ प्रतिशत रहेको पाइन्छ। यसरी हेर्दा पदयोग र पदवियोगमा नेपालीभाषी विद्यार्थीहरूको तुलनामा नेपाली इतरभाषी विद्यार्थीहरूले २० प्रतिशत बढीले त्रुटि गरेको पाइन्छ।

**चन्द्रविन्दु र शिरविन्दु प्रयोगको तुलना :** कक्षा नौमा अध्ययनरत नेपाली भाषी र नेपाली इतरभाषी विद्यार्थीहरूले चन्द्रविन्दु र शिरविन्दुको प्रयोगसम्बन्धी त्रुटिलाई तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका २१ *चन्द्रविन्दु र शिरविन्दु प्रयोगको तुलना*

| जम्मा | नेपाली भाषी (२०) | | | | नेपाली इतरभाषी (२०) | | | |
|---|---|---|---|---|---|---|---|---|
| **त्रुटि क्षेत्र** | **त्रुटि गर्ने** | **प्रतिशत** | **त्रुटि नगर्ने** | **प्रतिशत** | **त्रुटि गर्ने** | **प्रतिशत** | **त्रुटि नगर्ने** | **प्रतिशत** |
| चन्द्रविन्दु | १० | ५० | १० | ५० | १५ | ७५ | ५ | २५ |
| शिरविन्दु | ९ | ४३ | ११ | ५७ | १२ | ५८ | ८ | ४२ |
| औसत | ९ | ४५ | ११ | ५५ | १३ | ६५ | ७ | ३५ |

माथिको तालिकामा नेपालीभाषी र नेपाली इतरभाषीबिचको तुलनात्मक स्थिति हेर्दा चन्द्रविन्दु र शिरविन्दु प्रयोगमा त्रुटि गर्ने नेपालीभाषी विद्यार्थीहरू क्रमशः ५० र ४३ प्रतिशत तथा शुद्ध लेख्ने क्रमशः ५० र ५७ प्रतिशत रहेको देखिन्छ। त्यस्तै भने नेपाली इतरभाषीतर्फ त्रुटि क्रमशः ७५ र २८ प्रतिशत तथा शुद्ध लेख्ने क्रमशः २५ र ४२ प्रतिशत रहेको देखिन्छ। समग्रमा नेपालीभाषी विद्यार्थीहरूको औसत त्रुटि ४५ प्रतिशत र शुद्ध लेखन गर्ने ५५ प्रतिशत रहेको पाइन्छ भने नेपाली इतरभाषी विद्यार्थीतर्फ त्रुटि गर्ने औसत ६५ प्रतिशत तथा शुद्ध लेखन गर्ने औसत ३५ प्रतिशत रहेको पाइन्छ। यसरी चन्द्रविन्दु र शिरविन्दु प्रयोगमा नेपाली भाषी विद्यार्थीहरूको तुलनामा नेपाली इतरभाषी विद्यार्थीहरूले २० प्रतिशत बढीले त्रुटि गरेको देखिन्छ।

**य र ए वर्ण प्रयोगको तुलना :** विद्यार्थीहरूले गरेका य र ए वर्णको प्रयोगसम्बन्धी त्रुटिहरूको तुलनात्मक स्थितिलाई निम्नानुसार देखाउन सकिन्छ :

तालिका २२ *य र ए वर्ण प्रयोगको तुलना*

| जम्मा | नेपाली भाषी (२०) | | | | नेपाली इतरभाषी (२०) | | | |
|---|---|---|---|---|---|---|---|---|
| त्रुटि क्षेत्र | त्रुटि गर्ने | प्रतिशत | त्रुटि नगर्ने | प्रतिशत | त्रुटि गर्ने | प्रतिशत | त्रुटि नगर्ने | प्रतिशत |
| य वर्ण | ५ | २५ | १५ | ७५ | ७ | ३३ | १३ | ६७ |
| ए वर्ण | ४ | १८ | १६ | ८२ | ७ | ३३ | १३ | ६७ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| औसत | ५ | २३ | १५ | ७७ | ७ | ३३ | १३ | ६७ |

माथिको तालिकामा नेपालीभाषी र नेपाली इतरभाषी विद्यार्थीहरूको तुलनात्मक स्थिति हेर्दा य र ए वर्णसम्बन्धी त्रुटि गर्ने विद्यार्थीहरू नेपालीभाषी तर्फ क्रमशः २५ र १८ प्रतिशत तथा शुद्ध लेखन गर्ने क्रमशः ७५ र ८२ प्रतिशत रहेको पाइन्छ भने नेपाली इतरभाषी विद्यार्थीहरूतर्फ त्रुटि गर्ने विद्यार्थीहरू क्रमशः ३३ र ३३ प्रतिशत तथा शुद्ध लेखन गर्ने क्रमशः ६७ र ६७ प्रतिशत रहेको पाइन्छ । समग्रमा नेपालीभाषीतर्फ त्रुटि गर्ने औसत विद्यार्थीहरू २३ प्रतिशत र शुद्ध लेखन गर्ने ७७ प्रतिशत रहेको पाइन्छ । त्यस्तै गरी समग्रमा नेपाली इतरभाषीतर्फ त्रुटि गर्ने औसत विद्यार्थीहरू ६७ प्रतिशत र शुद्ध लेखन गर्ने ३३ प्रतिशत रहेको पाइन्छ । यसरी हेर्दा य र ए वर्णमा नेपालीभाषी विद्यार्थीहरूको तुलनामा नेपाली इतरभाषी विद्यार्थीहरूले १० प्रतिशत बढीले त्रुटि गरेको पाइन्छ ।

**हलन्त र अजन्त प्रयोगको तुलना :** विद्यार्थीहरूले गरेका प्रयोग हलन्त र अजन्त प्रयोगसम्बन्धी त्रुटिहरूको तुलनात्मक स्थितिलाई निम्नानुसार देखाउन सकिन्छ :

तालिका २३ *हलन्त र अजन्त प्रयोगको तुलना*

| जम्मा | नेपाली भाषी (२०) | | | | नेपाली इतरभाषी (२०) | | | |
|---|---|---|---|---|---|---|---|---|
| **त्रुटि क्षेत्र** | **त्रुटि गर्ने** | **प्रतिशत** | **त्रुटि नगर्ने** | **प्रतिशत** | **त्रुटि गर्ने** | **प्रतिशत** | **त्रुटि नगर्ने** | **प्रतिशत** |
| हलन्त | १३ | ६३ | ७ | ३७ | १६ | ७८ | ४ | २२ |
| अजन्त | १ | ३ | ३९ | ९७ | २ | ८ | १८ | ९२ |
| औसत | ७ | ३३ | १३ | ६७ | ९ | ४३ | ११ | ५७ |

माथिको तालिकामा नेपालीभाषी र नेपाली इतरभाषी विद्यार्थीहरूको तुलनात्मक स्थिति हेर्दा हलन्त र अजन्तसम्बन्धी त्रुटि गर्ने विद्यार्थीहरू नेपालीभाषी तर्फ क्रमशः ६३ र ३ प्रतिशत तथा शुद्ध लेखन गर्ने क्रमशः ३७ र ९७ प्रतिशत रहेको पाइन्छ भने नेपाली इतरभाषी विद्यार्थीहरूतर्फ त्रुटि गर्ने विद्यार्थीहरू क्रमश : ७८ र ८ प्रतिशत तथा शुद्ध लेखन गर्ने क्रमशः २२ र ९२ प्रतिशत रहेको पाइन्छ । समग्रमा नेपालीभाषीतर्फ त्रुटि गर्ने औसत विद्यार्थीहरू ३३ प्रतिशत र शुद्ध लेखन गर्ने ६७ प्रतिशत रहेको पाइन्छ । त्यस्तै गरी समग्रमा नेपाली इतरभाषीतर्फ त्रुटि गर्ने औसत विद्यार्थीहरू ४३ प्रतिशत र शुद्ध लेखन गर्ने ५७ प्रतिशत रहेको पाइन्छ । यसरी हेर्दा हलन्त र अजन्तमा नेपालीभाषी विद्यार्थीहरूको तुलनामा नेपालीइतरभाषी विद्यार्थीहरूले १० प्रतिशत बढीले त्रुटि गरेको पाइन्छ ।

## निष्कर्ष

कक्षा नौमा पढ्ने विद्यार्थीहरूको वर्णविन्यास क्षमताको अध्ययन गर्दा वर्णविन्यासका विविध क्षेत्रमा त्रुटि गरेको पाइयो । समग्र विद्यार्थीहरूको वर्णविन्यासगत क्षमताको अध्ययन गर्दा औसतमा ३८% विद्यार्थीहरूले वर्णविन्यासगत त्रुटि गरेको पाइयो भने ६२% विद्यार्थीहरूले शुद्ध गरेको पाइयो । यस आधारमा समग्र विद्यार्थीहरूको वर्णविन्यासगत क्षमता मध्यमभन्दा राम्रो रहेको देखिन्छ ।

प्राप्त तथ्याङ्कअनुसार औसतमा ह्रस्व मात्राको प्रयोगमा त्रुटि गर्ने विद्यार्थीहरू ३३% भेटिए भने त्रुटि नगर्ने ६७% भेटिए । जसअन्तर्गत शब्दादि, शब्दमध्य र शब्द अन्त्यमा त्रुटि गर्ने क्रमश २६%, ४२% र ३२% रहेको देखिन्छ । प्रायः विद्यार्थीहरूले ह्रस्वको ठाउँमा दीर्घ लेखेर त्रुटि गरेको भेटियो । यस आधारमा ह्रस्वमात्राको प्रयोग क्षमता उच्च रहेको देखिन्छ ।

दीर्घ मात्राको प्रयोगमा धेरै विद्यार्थीहरूले ह्रस्व मात्राको प्रयोग गरेर त्रुटि गरेको देख्न सकिन्छ । दीर्घ मात्राको प्रयोगमा त्रुटि गर्ने विद्यार्थीहरू ५७% रहेका छन् भने त्रुटि नगर्ने ४३% रहेका छन् । जसअन्तर्गत शब्दादि, शब्दमध्य र शब्दअन्यमा त्रुटि गर्ने क्रमशः ४८%, ६८% र ५६% रहेका छन । यस आधारमा दीर्घ मात्राको प्रयोग क्षमता कमजोर रहेको तथ्याङ्कबाट देखिएको छ ।

श, ष र स वर्णको प्रयोगमा अधिकांश विद्यार्थीहरूले श र ष को ठाउँमा स प्रयोग गरेको भेटिएको छ । तथ्याङ्कबाट औसतमा श, ष र स प्रयोगमा त्रुटि गर्ने विद्यार्थी ३८% छन् भने नगर्ने ६२% छन् । जसअन्तर्गत श, ष र स मा क्रमशः २३, ३० र ६०% ले त्रुटि गरेको छन् । यस आधारमा श, ष र स वर्णको प्रयोग क्षमता मध्यमभन्दा राम्रो रहेको छ ।

य र ए वर्णमा ए को ठाउँमा य र य को ठाउँमा ए प्रयोग गरेर धेरै विद्यार्थीहरूले त्रुटि गरेका छन् । औसतमा यी दुई वर्णको प्रयोगमा २७% ले त्रुटि गरेका छन् । जसअन्तर्गत य र ए वर्णको प्रयोगमा क्रमशः २९ % र २५% ले त्रुटि गरेका छन् । यस आधारमा दुवै वर्णको प्रयोग क्षमता उच्च रहेको छ ।

ब र व वर्णको प्रयोगमा प्रायः विद्यार्थीहरूले ब वर्ण नै प्रयोग गरेको भेटिएको छ । औसतमा ३८% विद्यार्थीहरूले ब र व वर्णको प्रयोगमा त्रुटि गरेको छन् । जस अन्तर्गत ब र व वर्णमा क्रमश : ३१ र ४५ % विद्यार्थीले त्रुटि गरेको भेटिएको छ । यस आधारमा ब र व वर्णको प्रयोग क्षमता मध्यमभन्दा राम्रो रहेको छ ।

विद्यार्थीहरूले प्रायः शब्दमा चन्द्रविन्दु र शिरविन्दुको ठाउँ एक आपसमा परिवर्तन गर्नाले धेरै त्रुटि गरेका छन् । चन्द्रविन्दु र शिरविन्दुको प्रयोगमा औसतमा ५४% ले त्रुटि गरेको पाइयो भने ४६% त्रुटि नगर्ने छन् । जसअन्तर्गत चन्द्रविन्दु र शिरविन्दुमा क्रमशः ५८%, र ५०% त्रुटि गरेका छन् । यस आधारमा चन्द्रविन्दु र शिरविन्दुको प्रयोग क्षमता कमजोर रहेको पाइयो ।

पदयोग र पदवियोगको प्रयोगमा प्रयोगमा औसतमा ५३% ले त्रुटि गरेको पाइयो भने ४७% त्रुटि नगर्ने छन् । जस अन्तर्गत पदयोग र पदवियोगमा क्रमश : ३९%, र ६५% अशुद्ध लेखेका छन् । धेरै विद्यार्थीहरूले पदयोगको ठाउँमा पदवियोग र पदवियोगको ठाउँमा पदयोग प्रयोग गरेर त्रुटि गरेका छन् । यस आधारमा पदयोग र पदवियोगको प्रयोग क्षमता कमजोर रहेको छ ।

हलन्त र अजन्तको प्रयोगमा औसतमा ३८% ले त्रुटि गरेको पाइयो भने ६२% त्रुटि नगर्ने छन् । जस अन्तर्गत हलन्त र अजन्तमा क्रमश : ७०%, र ४६% रहेको छ । धेरै विद्यार्थीहरूले हलन्तका ठाउँमा अजन्त र अजन्तको ठाउँमा हलन्त प्रयोग गरेर त्रुटि गरेका छन् । यस आधारमा हलन्त र अजन्तको प्रयोग क्षमता मध्यमभन्दा राम्रो रहेको छ ।

समग्रमा नेपाली भाषी र नेपाली इतरभाषी त्रुटि गर्ने औसत विद्यार्थीहरू ३५% र ४४% र शुद्ध लेखन गर्ने ६५ र ५६% रहेको पाइन्छ । वर्णविन्यासगत क्षेत्रहरू जस्तै ह्रस्वमात्रा, दीर्घमात्रा, चन्द्रविन्दु र शिरविन्दु, श ,ष र स वर्ण, पदयोग र पदवियोगको प्रयोगमा नेपाली इतरभाषी विद्यार्थीहरूले नेपाली भाषी विद्यार्थीहरूभन्दा बढी त्रुटि गरेको देखिन्छ । यसरी हेर्दा नेपाली इतरभाषी भन्दा नेपाली भाषी विद्यार्थीहरूको वर्णविन्यासगत प्रयोग क्षमता बढी रहेको पाइन्छ ।

**सन्दर्भ सामग्री सूची**

खनिया, बुद्धराज र अधिकारी, रामकुमार (२०७६), *नेपाली भाषा शिक्षणको परिचय* (दो.सं.), काठमाडौँ : जुपिटर प्रिन्टिङ् एन्ड पब्लिसिङ हाउस प्रा.लि.।

ढकाल र अन्य. (२०७५), *अनिवार्य नेपाली,* काठमाडौँ : पिनाकल पब्लिकेशन प्रा.लि. ।

पौडेल, माधवप्रसाद (२०७४), *भाषिक विधा शिक्षण* (दो.सं.), काठमाडौँ : विद्यार्थी प्रकाशन प्रा.लि.।

भट्टराई, रामप्रसाद, (२०७५), *भाषिक अनुसन्धान विधि परिचय र प्रयोग,* काठमाडौँ : शुभकामना प्रकाशन प्रा.लि.।

सुवेदी, लालानाथ र भट्टराई, बद्रीविशाल (२०७४), *कक्षा सातको नेपाली,* भक्तपुर : नेपाल सरकार शिक्षा मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र ।